सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
Shubham Sandesh
# शुभम सन्देश
National DAILY दैनिक

वर्ष :५ | अंक ११४ | २०८० साल, पौष २१ गते शनिबार | Saturday 6 Jan, 2024 | मूल्य रु. ५/- | पृष्ठ : ४

## भन्सार छलीका ३८ लाख मूल्य बराबरको सामानसहित ट्रक बारा प्रहरीको नियन्त्रणमा





***शुभम सन्देश,***
***कलैया २० पौष***

जिल्ला प्रहरी कार्यालय बाराले भन्सार छलीका सामानसहितका एक ट्रक पक्राउ गरेको छ। प्रहरी चौकी पथलैयाबाट खटिएको प्रहरीको टोलीले जीतपुर सिमरा उपमहानगरपालिका वडा नम्बर १ पथलैया चोकबाट उक्त सामान सहितको ट्रक पक्राउ गरेको छ।वीरगञ्जबाट कास्कीतर्फ जादैं गरेको ना ३ ख ७३२९ नम्बर को ट्रकलाई रोकेर चेक जाँच गर्ने क्रममा सो ट्रकमा लोड रहेको खुद्रा सामानको बिलबिजक शंकास्पद भेटिएपछि नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय बारा ले जनाएको छ। चेकजाँचको क्रममा ट्रकमा रहेको ३८ लाख २७ हजार मूल्य बराबरका सामान बरामद रहेको बाराका प्रहरी प्रवक्ता डीएसपी दधिराम न्यौपानेले जानकारी गराए। पक्राउ परेका सामानसहित ट्रकलाई आवश्यक कारवाहीका लागि राजश्व अनुसन्धान कार्यालय पथलैया बारामा बुझाइएको डीएसपी न्यौपानेले जानकारी गराए।

## ससुरालाई बुबा बनाई एक भारतियले नेपालको वंशज नागरीकता लिएको आरोप

***शुभम सन्देश,***
***कलैया २० पौष***

बाराको पचरौता नगरपालिका बाट एक भारतिय नागरिकले आफनो ससुरोलाई फकाएर आफु उनको छोरा बनी नेपालको वंशज नागरीकता प्राप्त गरेको रहस्य खुलेको छ।

भारतको मोतिहारी जिल्ला जितना थाना स्थित बडइला गाउँ निवासी रामजन्म यादवको छोरा ३५ वर्षिय राम कैलाश प्रसाद यादवले २०६३ फागुन २६ गते साविक गाविस बेलदारी वाडा नम्बर ८ हाल पचौता नगरपालिका वाडा नं ५ बेलदारी गाउँ बस्ने आफनो ससुरा लाई प्रभावमा पारी ससुर कै छोरा बनी नागरीकता टोली प्रमुख जटेशवर सिंहको हस्ताक्षर बाट वंशज नागरीकता प्रप्त गरेको नागरीकता टोलीको अभिलेख बाट देखिन्छ।


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय.........
नेपाली नागरिकताको प्रमाणपत्र
ना.प्र.नं.:
नाम थर | लिङ्ग
जन्म स्थान: जिल्ला: म.न.पा.: वडा नं.
स्थायी बासस्थान: जिल्ला: म.न.पा.: वडा नं.
जन्म मिति: साल: महिना: गते:
बाबुको नाम थर | ना.प्र.नं.:
ठेगाना | ना. कि.
आमाको नाम थर | ना.प्र.नं.:
ठेगाना | ना. कि.
पति/पत्नीको नामथर | ना.प्र.नं.:
ठेगाना | ना. कि.

नागरीकता प्राप्त पछि पनि यादव भारत र नेपाल दुबै देशको नागरिक रहदै आएको भारतमा रहेको उनको जातिय पहिचान पत्र मतदाता परिचय पत्र र अधार कार्ड समेतले देखाउछ।

नागरिकता ऐन अनुसार कुनै पनि ब्यत्ति दुई देशको नागरी हुन पाउने छौन्। एक भन्दा अर्को देशको नागरिक बन्नका लागि पहिले बस्दै आएको देशको नागरीकता त्याग गर्नु पर्ने हुन्छ र सही विवरण र प्रमाण सहित अर्को देशको नागरीक बन्न निवेदन गर्नु पर्ने ब्यवस्था रहेको रहेको छ, तर यहाँ यादवले किर्ते जन्म दर्ता र नाता प्रमाणित पेश गरेर ससुराको छोरा बनी नागरिकता प्राप्त गरेको स्थानियको आरोप रहेको छ।

## बँदेललाई आहारा अभाव

महोत्तरी, २० पुस :

बँदेलले बालीनाली सखाप पारेपछि महोत्तरीका किसान हैरान भएका छनु। बँदेलले बस्ती वरपर नै बासस्थान जमाउन थालेका छन्। वन जङ्गलमा आहाराको अभाव भएपछि बँदेलले बस्ती नजिक बासस्थान बनाउन थालेका हुन्। "बँदेल बस्ती नजिकै बस्न थालेका छन्। स-साना पाठापाठीको हुल बाँधेरै हिँडेका भेटिन्छन्", भङ्गाहा-४ रामनगर बस्तीका ८० वर्षीय दीपबहादुर फुयाँल भन्नुहुन्छ। अग्ला काँसका झाडी, नदी किनार क्षेत्रका झाडी र उखुखेती लगाइएका ठाउँलाई बँदेलले बासस्थान बनाएका छन्। जिल्लाको भारतीय सीमाक्षेत्र नजिकका बस्तीमा पनि बँदेलले बालीनाली नष्ट गर्न थालेका छन्। "केही वर्षअघिसम्म वनबाट आएर बालीनाली खाए पनि बँदेल उतै फर्किने गरेका थिए, अहिले भने खेत नजिकै झाडीमा बस्ने गरेका छन्", जलेश्वर-५ चौरीया बस्तीका ७८ वर्षीय रहिमन मण्डलले भन्नुभयो। वनक्षेत्रसँग जोडिएका बस्तीमा दिउँसै बँदेलको हुल आएर बालीनाली खाने गरेको उहाँको भनाइ छ।"दशगजा (नेपाल भारत सीमाक्षेत्र) का छेउछाउमा झाडीभित्र बँदेलले बासस्थान बनाएका छन्, बँदेलले स्थानीयलाई आक्रमण समेत गर्ने गरेका छन्", मण्डलले भन्नुभयो। मडहा, बाँके र जङ्घा नदी छेउका काँसघारीमा बँदेल हुलका हुल बस्ने **बाँकी तेस्रो पृष्ठमा........**

## सुन भनेर किनेको धातु पित्तल परेपछि बारा प्रहरीमा जाहेरी

***शुभम सन्देश,***
***कलैया २० पौष***

बाराको पचरौता नपाका एक व्यवसायीले सुन भनेर किनेको धातु पित्तल परेपछि जिल्ला प्रहरी कार्यालय बारामा ठगीमुद्धाका लागि जाहेरी दिएका छन्। पचरौता नगर पालिका ५ बेल्दारी करमवाका गाउँका ३७ वर्षीय मेराज अंसारीले आफू ठगिएको भन्दै जिल्ला प्रहरी कार्यालय बारामा जाहेरी दिएका छन्। किराना पसलको व्यवसाय गर्दै आएका अंसारीले मंसिर १६ गते चार लाख २५ हजारमा सुन भनेर १०/१० ग्रामको पाँच वटा बिस्कुट खरिद




गरेका थिए। सुन भनेर किनेको उक्त बिस्कुट गहना बनाउन खोज्दा पित्तल निस्किएपछि अंसारी न्याय खोज्दै विहिवार जिल्ला प्रहरी कार्यालय बारा पुगेका थिए।

अंसारीले विहिवार प्रहरीमा दिएको जाहेरीमा बारागढी गाउँपालिका २ दौरवा गाउँ बस्ने ४० वर्षीय विनय थारु चौधरीसंग उक्त धातु खरिद गरेको जाहेरीमा उल्लेख गरेका छन्। थारुले पसलमै आएर आफूसंग १०/१० ग्रामको सुनको पाँच वटा बिस्कुट रहेको र पैसाको खाँचो परेको हुँदा मिलाएर दिने बताएपछि आफूले उक्त धातु खरिद गरेको अंसारीको भनाई रहेको छ। आफ्नो चिनजान रहेका महागढीमाई ९ का राजेन्द्र महतोले थारुसंग आफूलाई भेट गराएको र सोही भेटमा थारुले आफूलाई सुन भनेर उक्त धातु बेचेको अंसारीले प्रहरी लाई जानकारी दिएका छन्। आफू ठगिएको जानकारी पाएपछि अंसारीले चौधरीविरुद्ध ठगी मुद्धा दर्ता गराएका छन्।बाराका प्रहरी उपरीक्षक सुरेशप्रसाद काफ्लेले सुन भनेर पित्तल खरिद गर्न पुगेको विषयलाई लिएर प्रहरीमा उजुरी परेको बताएका छन्। प्रहरी उपरीक्षक काफ्लेले उक्त धातु सुनजस्तो नदेखिएपनि जाँचका लागि पठाइने बताए।

उक्त धातु सुन नभएको जानकारी पाएपछि जाहेरी दिनुभएको छ झप्रहरी उपरीक्षक काफ्लेले भने उक्त धातु सुन जस्तो देखिदैन। तर पनि हामी जाँचका लागि पठाउछौं। ठगीमा मुछिएका व्यक्तिविरुद्ध अनुसन्धान प्रक्रिया अघि बढाइने प्रहरी उपरीक्षक काफ्लेले जानकारी दिए।पचरौता नगरपालिका ५ का वडाध्यक्ष लक्ष्मी यादवले किराना पसलको व्यवसाय गरिरहेका सोझो व्यवसायीलाई झुक्याएर ठगी गरेको बताएका छन्। यादवले ठगीमा संलग्न व्यक्तिलाई तत्काल नियन्त्रणमा लिएर कानुनी कारवाही अघि बढाउन बारा प्रहरीलाई आग्रह गरेका छन्।

## करैयामाई गाउँपालिकाको कार्यालय बारा द्वारा
### जनहितमा जारी संदेश

**-जन्मदर्ता ,मृत्युदर्ता ,बिवाह दर्ता ,बसाई सराई लगायतका ब्यक्तिगत घटना ३५ दिन भित्र मै गरौ।**

**-जथाभावी फोहर नफालौ।**

**-लैङ्गिक हिंसा समाजिक अपराध हो ,त्यसैले हिंसा सहेर नबसौ।**

**-सडकको पेट्टी ,नदिको किनारा , खेतको डिल , सार्वजनिक स्थानमा बृक्षारोपण गरौ।**

**-समयमा कर तिरौ ,सभ्य नागरिकको पहिचान बनाई नगरको बिकासमा सहभागी बनौ**

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक शुभम् सन्देश National DAILY दैनिक



प्रकाशक : रामबाबु प्रसाद मेहता
प्रधान सम्पादक : अजय कुमार
सम्पादक : सरोज कुमार सिंह
सह सम्पादक : सरिता चौधरी
समाचार सम्पादक : तिवारी यादव
प्रबन्धक : मुकेश कुमार महतो
कानुनी सल्लाहकार : परमहंस केशरी
कम्प्यूटर लेआउट : म. फरिद
मुद्रक : बारा प्रिन्टीङ्ग प्रेस
कलैया उमनपा-४, बारा
ईमेल : subhamsandeshdaily@gmail.com
सम्पर्क नम्बर : ९८४५२१७३२९,९८५५०४५५५२, ०५३५५१४९७
प्रधान कार्यालय : सिम्रौनगढ नपा ६, बारा
सम्पर्क कार्यालय : कलैया उमनपा १ (मोतिवाग), बारा

भुकम्पबाट बच्ने उपायहरू...............

-घर ,पुल तथा अन्य संरचना बनाउदा भुकम्प प्रतिरोधी बनाऔं ।
-घर वरिपरी तथा सार्वजनिक स्थललाई खुल्ला राखौं ।
-भुकम्प गएमा खुल्ला र सुरक्षित स्थानमा जाऔं ।

परवानीपुर गाउँपालिकाको कार्यालय बारा

# वित्तीय अधिकार प्रयोगमा सधैंको अन्योल

हालै नेपाल नगरपालिका संघ र गाउँपालिका राष्ट्रिय महासंघले हेटौंडामा सातवटै प्रदेशका मुख्यमन्त्रीहरूको सहभागितामा तहगत सरकारको कार्यविस्तृतीकरण विषयक अन्तरक्रिया आयोजना गरेको छ। यही सन्दर्भमा वित्तीय अधिकार प्रयोगमा तीन तहको सरकारबीच अद्यापि कायम रहेको अन्योलका केही उदाहरण सहित बहस अगाडि बढाउन चाहन्छु।

वित्तीय संघीयतालाई संस्थागत गर्ने ध्येयका साथ नेपालको संविधानले संघ, प्रदेश र स्थानीय सरकारहरूलाई वित्तीय अधिकार सम्बन्धी एकल र साझा सूचीको व्यवस्था गरेको छ। तथापि, संविधान लागू भएको सात वर्ष पुगिसक्दा पनि एकल र साझा अधिकारको प्रयोग बारे कानुनमा एकरूपता देखिंदैन। फलतः तीनै तहका सरकारबीच राजस्व संकलन सम्बन्धी प्रशासन गर्न र राजस्व बाँडफाँटको विषयलाई टुङ्गोमा पुऱ्याउन सकिएको छैन।स्थानीय सरकारको एकल अधिकारको रूपमा रहेको संस्थागत र व्यक्तिगत घरजग्गा वहालकर पूर्ण रूपमा स्थानीय सरकारको अधिकार क्षेत्रभित्र पर्दछ।

तर, संस्थागत वहालकर आन्तरिक राजस्व कार्यालयले संकलन गरी संघीय सञ्चित कोषमा दाखिला गर्दै आएको छ। यसले स्थानीय सरकारको एकल अधिकार क्षेत्रमा संघीय सरकारको अतिक्रमण देखिन्छ। तसर्थ, संघीय सरकारले स्थानीय सरकारलाई एकल अधिकारको रूपमा घरजग्गा वहाल कर संकलन र उपयोग गर्न आवश्यक सहजीकरण र सहयोग गर्नुपर्दछ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ क अनुसार स्थानीय सरकारहरूले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तु र सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठदाउरा, जराजुरी, दहत्तर-बहत्तर आदिको बिक्री गर्ने र बिक्रीबाट प्राप्त रकम स्थानीय सञ्चित कोषमा जम्मा गर्ने गरी एकल अधिकारका रूपमा कानुनी व्यवस्था रहेको छ।तर, प्रधानमन्त्री कार्यालयले जारी गरेको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ ले यस सम्बन्धमा उक्त नदीजन्य तथा निर्माणमुखी वस्तुहरू ढुङ्गा, गिट्टी, बालुवाको बिक्रीबाट प्राप्त राजस्व स्थानीय विभाज्य कोषमा राखी सोमध्ये ४० प्रतिशत रकम सम्बन्धित प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था गरेको छ। सोही मापदण्डका आधारमा सातवटै प्रदेश सरकारहरूले प्रदेश आर्थिक ऐनमा ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन् तथा बिक्री स्थानीय सरकारले गर्ने र बिक्रीबाट प्राप्त राजस्व प्रदेश सञ्चित कोषमा ४० प्रतिशत र स्थानीय सञ्चित कोषमा ६० प्रतिशतले बाँडफाँट गर्ने व्यवस्था गरिएको छ।यसरी हेर्दा मापदण्डको प्रावधान र मापदण्डका आधारमा बनेका प्रदेश आर्थिक ऐनहरू स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सँग बाझिन गएकोले यस विषयलाई गम्भीरताका साथ लिन जरुरी छ।

संघीय ऐनसँग प्रदेश ऐनहरू र मापदण्ड बाझिन गएको हुँदा कार्यान्वयनमा समस्या देखिएको छ। यदि नदीजन्य पदार्थको बिक्रीबाट प्राप्त राजस्व स्थानीय र प्रदेश सरकारका बीचमा बाँडफाँट गर्नुपर्ने नै हो भने स्थानीय सरकार सञ्चालन ऐनमा सोअनुरूप संशोधन गर्न आवश्यक छ।प्रदेश र स्थानीय सरकारका बीचमा साझा अधिकारको प्रयोग गर्ने विषयमा समेत केही अन्योलता रहेको देखिन्छ। जसमध्ये प्रदेश र स्थानीय तहको साझा अधिकारका रूपमा रहेको सबैभन्दा महत्वपूर्ण कर भनेको सवारी साधन कर हो। यस सम्बन्धमा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार सवारी साधन करको दर निर्धारण र संकलन प्रदेश सरकारले गर्ने र सोबापत असुली भएको राजस्वमध्ये ६० प्रतिशत प्रदेश र ४० प्रतिशत स्थानीय तहका बीचमा बाँडफाँट गर्ने व्यवस्था रहेको छ।

तर, यस सम्बन्धमा प्रदेश सरकारहरूले सवारी साधन अनुमतिपत्र तथा आवेदन दस्तुर, सवारी साधन दर्ता र सरुवा दर्ता दस्तुर, सवारी साधन सरुवा सहमति दस्तुर, सवारी साधन नामसारी गर्दा गरिने सनाखत दस्तुर, सवारी साधनको अस्थायी दर्ता दस्तुर, विदेशमा दर्ता भएका सवारी साधन चलाउने अनुमतिपत्र दस्तुर, सवारी साधनको दर्ता प्रमाणपत्र नवीकरण दस्तुर आदिबाट प्राप्त राजस्व विभाज्य कोषमा नराखी प्रदेश सञ्चित कोषमा राख्ने गरी प्रदेश आर्थिक ऐन तर्जुमा गरी सोही अनुसार कार्यान्वयन गर्दै आएका छन्।

यसरी सवारी साधन कर शीर्षकलाई कर र गैर-करका रूपमा विभाजन गरी गैरकर (सवारी साधनसँग सम्बन्धित सेवा शुल्क दस्तुर) बाट प्राप्त राजस्व स्थानीय तहलाई बाँडफाँट गर्ने गरेको पाइँदैन। यसबाट स्थानीय तहहरू अन्यायमा परेका छन्। यस विषयलाई पनि तीनै तहको सरकारको कार्यविस्तृतीकरण प्रतिवेदनमा स्पष्टसँग परिभाषित गर्न आवश्यक देखिन्छ। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सवारी साधन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने व्यवस्था गरेको छ।

साथै, सो बापत उठेको राजस्व स्थानीय सञ्चित कोषमा राख्ने व्यवस्था छ। तर, कोशी प्रदेश, मधेश र लुम्बिनी प्रदेशको आर्थिक ऐन, २०८० ले त्यस्ता सवारी साधनहरूको समेत दर्ता नवीकरण गर्ने र संकलित राजस्व विभाज्य कोषमा राख्ने कानुनी व्यवस्था गरेको छ। बाँकी प्रदेशहरूले त्यस्ता साना सवारी साधन करको दर निर्धारण र संकलन गर्ने काम सम्बन्धित स्थानीय तहले गर्ने गरी ऐन तर्जुमा गरेका छन्। तथापि, त्यस्ता साना सवारी साधनहरूको दर्ता तथा नवीकरण अझैसम्म स्थानीय तहमा हुनसकेको अवस्था छैन।

यसरी टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्साको दर्ता तथा नवीकरण शुल्क समेत स्थानीय सरकारहरूले आफैं प्रशासन गरेर स्थानीय सञ्चित कोषमा दाखिला गर्न नसकेको विषयलाई पनि कार्यविस्तृतीकरण प्रतिवेदनमा स्पष्ट पार्न जरुरी देखिन्छ।

प्रदेश र स्थानीय तहबीचको अर्को महत्वपूर्ण साझा अधिकारका रूपमा रहेको घरजग्गा रजिष्ट्रेशन शुल्क हो। यस सम्बन्धमा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को एकल कर प्रशासन सम्बन्धी प्रावधान अनुसार दर निर्धारण प्रदेश सरकारले गर्ने र राजस्व संकलन तथा बाँडफाँट स्थानीय सरकारले गर्ने व्यवस्था गरेको छ। स्थानीय सरकारको आफ्नो छुट्टै प्रशासन नभएकोले हाललाई संघीय सरकारको अन्तर्गत रहेको नापी तथा मालपोत कार्यालयबाट राजस्व संकलन हुँदै आएको छ। तर, यस शीर्षक अन्तर्गत संकलन भएको सबै राजस्व विभाज्य कोषमा दाखिला गरी प्रदेश र स्थानीय सरकारका बीचमा बाँडफाँट भएको देखिंदैन।

यसका सम्बन्धमा बागमती प्रदेशको आर्थिक ऐन, २०८० बमोजिम बेजिल्ला र बेइलाका लिखत पारित बापतको रकम पूरै प्रदेश सञ्चित कोषमा राख्ने व्यवस्था गरेको छ। मधेश प्रदेशले सेवा शुल्क तथा रोक्का दस्तुर प्रदेश सञ्चित कोषमा राख्ने गरी कानुन व्यवस्था गरेको देखिन्छ तर अन्य प्रदेशमा यस किसिमको व्यवस्था देखिंदैन।

यसर्थ, घरजग्गा रजिष्ट्रेशन शुल्क शीर्षकमा संकलन भएको सबै राजस्व विभाज्य कोषमा राखी प्रदेश र स्थानीय सरकारका बीचमा ऐनको प्रावधान अनुसार क्रमशः ४० र ६० प्रतिशतका दरले बाँडफाँट गर्ने विषय सुनिश्चित हुन आवश्यक छ। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनको प्रावधान बमोजिम मनोरञ्जन करको दर प्रदेशले तोक्ने र स्थानीय तहले राजस्व संकलन गरी विभाज्य कोषमा राख्ने प्रावधान छ। तर स्थानीय तहको क्षमता विकासमा प्रदेश सरकारले सहयोग गरी कर संकलन कार्यमा सहजीकरण गर्नुको सट्टा मधेश प्रदेशको आर्थिक ऐन, २०८० ले स्थानीय तहको व्यवस्थापन गर्ने क्षमता नभएसम्मका लागि मनोरञ्जन कर प्रदेश सरकारले लगाउने र उठाउने व्यवस्था गरेको छ। यस किसिमको प्रावधानले स्थानीय सरकारको अधिकारमाथि प्रदेशको अतिक्रमण भएको देखिन्छ।

पर्यटन शुल्कलाई संविधानमा तीनै तहको साझा अधिकार सूचीमा राखिएको छ। बागमती प्रदेशको पर्यटन ऐन, २०७८ को दफा ३ (१) कसैले होटल, तारे (स्टार) होटल, पर्यटक स्तरको होटल, लज, रेस्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज, होमस्टे तथा वार सञ्चालन गर्न चाहेमा मन्त्रालय वा कार्यालय समक्ष तोकिएको वर्गीकरणमा दर्ता गर्नुपर्ने व्यवस्था गरेको छ भने सोही ऐनको दफा १० (१) कुनै व्यक्ति वा समुदायले घरवास (होमस्टे) सञ्चालन गर्न चाहेमा सम्बन्धित स्थानीय तहमा दर्ता गराएर मात्र सञ्चालन गर्न सक्ने प्रावधान गरेको छ।

तर, काठमाडौं महानगरपालिकाको आर्थिक ऐन, २०८० को दफा ५ (व्यवसाय कर) सँग सम्बन्धित अनुसूची ७ को (ङ) मा होटल, पर्यटन तथा मनोरञ्जन व्यवसाय अन्तर्गत पाँचतारे होटल को रु.१ लाख र एकतारे होटलको रु.२० हजार व्यवसाय कर लगाउने प्रावधान गरेको छ। महानगरपालिकाको आर्थिक ऐन अनुसार व्यवसाय कर पूँजीगत लगानी, आर्थिक कारोबार, व्यवसायको प्रकृति र प्रकारका आधारमा कायम गरिएको र होटल, पर्यटन तथा मनोरञ्जन व्यवसायलाई यस अन्तर्गत समावेश गरी करको दर तोकिएको छ।

अर्कोतर्फ, कर्णाली प्रदेशको आर्थिक ऐन, २०८० मा पर्यटन शुल्क कुन दरमा कसले संकलन गर्ने र बाँडफाँट कसरी गर्ने भन्ने विषय उल्लेख भएको देखिँदैन। यसरी हेर्दा पर्यटन शुल्क सम्बन्धी विषय पनि संघ, प्रदेश र स्थानीय सरकारका बीचमा के कस्तो अधिकार हुने भनी स्पष्ट पार्न जरुरी देखिएको छ।

संघीय वन ऐन, २०७६ को दफा २२ अनुसार सामुदायिक वनबाट उपभोक्ता समूहको वार्षिक आयबाट कम्तीमा २५ प्रतिशत रकम वनको विकास र संरक्षणमा खर्च गरी बाँकी रकमको कम्तीमा ५० प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँगको समन्वयमा गरिबी न्यूनीकरण र महिलाको सशक्तीकरणका क्षेत्रमा

**बाँकी तेस्रो पृष्ठमा........**

शौचालयको प्रयोग गरौं, संक्रमणबाट जोगिऔं

- दिसापिसाब शौचालयमा मात्र गरौं, खुल्ला स्थानमा दिसापिसाब नगरौं।
- दिसापिसाब गरिसकेपछि साबुनपानीले हात धोऔं।
- हत्केला पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं।
- सफा कपडा वा तौलियाले हात पुछौं।

जीवाणुलगायतको संक्रमणबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं।

बारागढि गाउँपालिकाको कार्यालय बारा द्वारा जनहितमा जारी सन्देश

# किनबेच हुन्छ प्लस टु र राहत शिक्षकको दरबन्दी

विद्यालयमा पढाउन सुरु गरेको ३२ वर्ष भयो । निजी विद्यालयमा प्राथमिक र निम्नमाध्यमिक हुँदै सरकारीमा पढाउन सुरु गरें । अहिले पनि उच्चमाध्यमिक तहमा पढाइरहेकी छु । साविक उमावि तहलाई राज्यले न आफ्नो दायित्व अन्तर्गत ल्याउन सक्यो, न स्वामित्व ग्रहण नै गर्न सक्यो । यसबाट स्कुलमा सिर्जना भएका विकृतिहरूको सम्बन्धमा अनुभव सुनाउन चाहन्छु ।शिक्षक व्यवस्थापन निर्देशिका २०७१ जारी भएको थियो ।

शिक्षालाई अन्तर्राष्ट्रिय मापदण्ड अनुसार राख्नुपर्छ भन्ने यहाँ (विधायक) हरू, सरकार र राज्यको ठम्याइ ठिकै होला । नेपालमा प्रवीणता प्रमाणपत्र तह फेजआउट पनि भयो ।म सेकेण्ड क्लासका शिक्षकहरूमा मास्टर्स डिग्री गरेको एक महिला । आफ्नै कारणले शिक्षामा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरेको १० वर्षपछि स्नातक तहको पनि अध्ययन गरें ।केही समय बच्चा हुर्काउनतिर लागेपछि मैले स्नातकोत्तर तह पनि उत्तीर्ण गरें । म अलिकति लोभिएँ र प्लस टुमा पढाउन जाने निधो गरें ।

यसक्रममा भोगेका धेरै पीडा छन् । किनभने, यहाँ सबै प्सल टुका, राहतका दरबन्दीहरू बाँडफाँट हुन्छन्, किनबेच हुन्छन् । यो कुरा मैले भन्ने ठाउँ पाएको थिइनँ, आज (नीति निर्माण गर्ने थलो) मै भन्ने मौका पाएँ ।यहाँ हामी एउटा कुरा गर्दा रहेछौं र हुँदोरहेछ अर्कै । सिधा महिला भएकोले होला, मैले सुरुमा बुझिनँ कि यहाँ सेटिङ हुन्छ, लेनादेना हुन्छ, हिसाबकिताब हुन्छ । तिम्रा यति, मेरा यति हुँदोरहेछ ।त्यो नबुझेर म लोभिएर उच्च माविमा गएँ । शिक्षक व्यवस्थापन निर्देशिका-२०७१ जारी हुँदा मन्त्री डीआर पौडेल हुनुहुन्थ्यो जस्तो लाग्छ । आज देशको शिक्षा कहाँ छ ? हामी कहाँ छौं ? हाम्रो नैतिकता कहाँ छ ? यस्तो राजनीति गरेर के गर्ने ? पढाएर के गर्ने ?म देशलाई, स्कुललाई संस्थागत भएको हेर्न चाहने मान्छे, त्यो पाइनँ । यसमा म साह्रै धेरै विक्षिप्त छु । मैले कसैलाई भनेर जागिर हुन्छ अथवा कसैलाई भनिनँ भने निकालिन्छु । यो अवस्थाले शिक्षा क्षेत्र तहसनहस भएको अनुभूति गरिराखेकी छु । अहिले म जुन तहमा अध्यापन गरिरहेकी छु, १० वर्ष भयो । म अनिवार्य अंग्रेजीको शिक्षक हो ।

नगरपालिका महासंघका साथीहरू, सम्मानजनक रूपमा मेरो अनुरोध, यहाँहरूले नजिकबाट, स्थानीय सरकारले स्थानीय तहमा भएका सामुदायिक स्कुललाई हेरिदिनुस् । यही संविधानको मर्म हो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को आधारमा स्थानीय सरकारले शिक्षालाई हेर्ने २३ वटा अधिकारहरू पाएको छ ।मैले सुनेकी छु, कता-कता शिक्षकलाई भ्रमण पठाइन्छ, कताकता टावर बन्छ, पैसाहरू जान्छ रे ! तथापि, सामुदायिक स्कुलमा सरकारको नजर पुगेको अनुभूति मलाई छैन । प्राथमिकबाट माध्यमिक तहमा जानको लागि ४० वर्ष मात्र हुनुपर्नेमा मेरो उमेर २ महिना २९ दिन बढी भयो । जबकि म सोही स्कुलमा प्राथमिक र माध्यमिक तहमै पढाइरहेकी थिएँ ।प्लस टु तहमा जम्मा दुइटा शिक्षक पाएको छ ।

देशभर ६ हजार शिक्षकले स्कुल चल्दैन । र, यहीँनेर सुरु भयो मनोमानी । सामुदायिक विद्यालयमा आज पनि हेर्न गए हुन्छ, निजीको जस्तै आफूखुसी शुल्क तोकेर , आफूखुसी पदहरू बनाएर पठनपाठन भइराखेको छ ।यहाँ मैले भन्नैपर्छ, यतापट्टि फलानो पार्टीकोले गर्यो, उतापट्टि फलानो पार्टीले गर्यो । अर्को ठाउँमा फलानो पार्टीले गर्यो रे ! यो सब मिलीभगतमा भइराखेको छ । यसले मलाई आज साह्रै विक्षिप्त बनाइरहेको छ ।आज देशको शिक्षा कहाँ छ ? हामी कहाँ छौं ? हाम्रो नैतिकता कहाँ छ ? यस्तो राजनीति गरेर के गर्ने ? पढाएर के गर्ने ?रुन मन लाग्छ, ३२ वर्ष भयो मैले पढाउन थालेको । विदेश जाँदा मैले मेरा धेरै विद्यार्थी उतै भेट्टाएँ । तिनीहरू व्यवस्थित जीवन खोज्नका लागि विदेश पुगेका रहेछन् । त्यहाँको सरकारले उनीहरूलाई व्यवस्थित गराएर राखेको रहेछ ।

म माध्यमिक विद्यालय शिक्षक युनियन सहअध्यक्ष भइरहँदा अवदेखि मलाई धेरै खान, धेरै सम्पत्ति जम्मा गर्न, धेरै सेटिङ मिलाउने लोभहरू छैनन् । माध्यमिक विद्यालयलाई व्यवस्थित गरिदिनुस् ।

माध्यमिक विद्यालय व्यवस्थापन निर्देशिका-२०७१ अनुसार विद्यालय व्यवस्थापन समितिले नियुक्त गरेका शिक्षकहरू आज नगरपालिकाको अकर्मण्यतामा परेका छन् । उहाँहरूले लाइसेन्स मागिदिनुभएको छ, नियुक्ति अपरिपक्व भएको भनिदिनुभएको छ ।

जस्तै, उमेर कटेको भनिदिनुभएको छ । मेरै सवालमा दुई महिना उमेर कटेको थियो, तर म तल्लो तहमा त्यही स्कुलमा थिएँ । त्यही स्कुलमा दुइटा रजिस्टर भएको छ । विहान एउटा दिउँसो अर्को स्कुल भएको छ ।

मनपरी गरेर निजीको जत्तिकै शुल्क उठाइएको छ । मनोमानी पदहरू सिर्जना गरिएको छ । यस्तो मनोमानीको अनुगमन कसले गर्ने ? मैले पढाउने स्कुलमा एक हजार जना विद्यार्थी पढ्छन् । त्यो एक हजार जनाको वर्ग धरातल के ? त्यो वर्गले जति भन्यो उति पैसा तिरिरहनुपर्ने ? अनि मै ती विद्यार्थीलाई संविधानको धारा ३१ मा लेखेको एक कक्षादेखि आठ कक्षासम्म आधारभूत र कक्षा ९ देखि १२ कक्षासम्म माध्यमिक तह निःशुल्क हुन्छ भनेर पढाइरहनुपर्ने ? लागू हुँदैन भने संविधानबाट हटाउन किन सक्दैनौं ? निःशुल्क गर्न सक्दैनौं भने हटाइदिऊँ र लेखौं- शुल्कहरू मनोमानी लिन पाइन्छ । होइन भने, निःशुल्क शिक्षाका लागि के गर्नुपर्छ ? यो बहसमा हामी किन जाँदैनौं ? यस्तो छलफल किन गर्दैनौं ? यसकारण दुःख लागेको छ । पेशागत रूपमा मेरो जागिर सुरक्षित हुनुपर्छ, पेशा सुरक्षित हुनुपर्छ, जीवन सुरक्षित हुनुपर्छ । सबैभन्दा पहिला यो देशको शिक्षा सुरक्षित हुनुपर्छ । यो मभित्रको पीडा हो । साविक उच्च मावि भन्न पनि मन लाग्दैन । किनभने संविधानमा लेखिएकै छ, कार्यान्वयनमा हामी किन जान सक्दैनौं ?

यो कार्यान्वयन पक्ष फितलो नहोस्, त्यो (निःशुल्क शिक्षा)को व्यवस्था व्यवस्थापन हुँदा म जागिरबाट हात धुनु परे पनि व्यक्तिगत रूपमा तयार छु । तर सँगसँगै तत्कालीन अवस्थामा अब्बल भनेर छानिएर राखिएका शिक्षकहरूको अपमान नहोस्, सम्मानजनक व्यवस्थापन होस् । विद्यालयहरू निश्चित मापदण्डमा चलेका छन् या छैनन् हेरियोस् ।

कृपया स्थानीय तहका सरकारहरूले सामुदायिक विद्यालयको सम्पूर्ण अवस्थाको स्वामित्व लिनुहोस् । जो-जोले नेतृत्व गरेर, हेडमास्टर भएर, आफू अनुकूल चाहिएका दुई चार वटा पदहरू बनाएर, उस्तै पर फ्रेम किनेर एक/दुई लाख स्कुलका नाममा चन्दा दिएर स्कुलमा जुन किसिमको प्रभुत्व जमाएर बस्नुभएको छ, उहाँहरूको पक्षमा सरकार हुनुहुँदैन ।

यो गणतान्त्रिक सरकार हो । धेरै मानिसको त्याग र बलिदानबाट यो व्यवस्था आएको छ । त्यसकारण मैले पेशागत अधिकारको कुरा गरिरहँदा पनि मेरा मनभित्र शिक्षाकै अवस्थाबारे पीडाहरू छन् ।

एउटा शिक्षकले ३२ वर्ष पढाएर पनि कसरी असफल भएर बिदा हुँदैछ भन्ने हो । एउटा इमानदार शिक्षक असफल हुने अवस्थामा पुगेको छ । यो मुलुक असफल नहोस्, शिक्षा असफल नहोस् । सम्पूर्ण सरकार र सरोकारवालाहरूले शिक्षामा स्वामित्व लिइदिनुस् । कृपया, स्कुलमा पार्टी नहोस्, स्कुलमा विषयगत शिक्षक र विद्यार्थीहरू मात्र रहने वातावरण सिर्जना गरिदिनुस्, सिन्डिकेडबाट मुक्त गरिदिनुस् ।

बिहीबार प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचनाप्रविधि समितिको बैठकमा 'विद्यालय शिक्षा सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक'का सम्बन्धमा भएको छलफलमा माध्यमिक विद्यालय शिक्षक युनियनकी सहअध्यक्ष कल्पना पनेरुले व्यक्त गरेको विचार ।)

## बँदेललाइ.................

गरेका छन् । सोनमा गाउँपालिकाका अध्यक्ष विश्वेश्वर यादव बँदेलगायत वन्यजन्तुबाट बालीनाली जोगाउन सकस भएको बताउनुहुन्छ । जिल्लाका मध्य र दक्षिणी भेगमा बँदेलका साथै नीलगाईले पनि किसानलाई दुःख दिने गरेका छन् । आहाराको खोजीमा उनीहरू जुनसुकै बेला पनि बस्तीमा पस्ने गरेका छन् । डिभिजन वन कार्यालय महोत्तरीका प्रमुख वरिष्ठ वन अधिकृत सन्तोष झाका अनुसार वन्यजन्तुलाई आहारा अभाव भएको छ ।

## वित्तीय अधिकार..................

खर्च गरी बाँकी रकम उपभोक्ता समूहको हितमा प्रयोग गर्ने गर्ने व्यवस्था गरेको छ। मधेश प्रदेशको प्रदेश वन ऐन, २०७७ को दफा ५५ अनुसार वन पैदावार बिक्रीको वार्षिक आयबाट कम्तीमा २५ प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तीमा ५० प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तीकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नुपर्ने र त्यसपछि बाँकी रहेको रकम उपभोक्ताको हितमा प्रयोग गर्ने व्यवस्था गरेको छ।

बागमती प्रदेशको प्रदेश वन ऐन, २०७६ को दफा ३८ (३) अनुसार समूहभन्दा बाहिर बिक्री वितरण गरिएको वनपैदावार (काठ र दाउरा) बिक्रीबाट प्राप्त रकमको १० प्रतिशत रकम सेवा शुल्क वापत प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने र उपदफा (४) अनुसार समूह भित्र खपत भएको वनपैदावार (काठ दाउरा) बिक्रीबाट प्राप्त रकमको ०.५ प्रतिशत रकम सेवा शुल्क वापत प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ।

लुम्बिनी प्रदेशको आर्थिक ऐन, २०८० अनुसार वन पैदावार तथा वन क्षेत्रको नदीजन्य पदार्थको शुल्क बाँडफाँट सम्बन्धी विशेष व्यवस्था अन्तर्गत सामुदायिक वनको रूपमा हस्तान्तरण गरिएका प्रदेशका सामुदायिक वन उपभोक्ता समूहले स्वीकृत कार्ययोजना बमोजिम साल प्रजातिको काठ उपभोक्तालाई बिक्री गर्दा प्राप्त रकमको २५ प्रतिशत र सामुदायिक वन क्षेत्रमा रहेका खोला खोल्सीको व्यवस्थापन गर्दा संकलन हुने नदीजन्य पदार्थको बिक्रीबाट प्राप्त रकममध्ये १० प्रतिशत रकम डिभिजन वन कार्यालयले सामुदायिक वन उपभोक्ता समूहको खातामा जम्मा गर्नुपर्नेछ। तर, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ ख अनुसार सामुदायिक वन उपभोक्ता समितिले वन पैदावारको बिक्री बापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ।

यसरी सामुदायिक वन उपभोक्ता समितिले वनपैदावार बिक्रीबाट संकलन गरेको राजस्व बाँडफाँटको सम्बन्धमा संघीय तथा प्रदेश वन ऐन र स्थानीय सरकार सञ्चालन ऐन बाझिएकोले यसमा सुधार हुन आवश्यक छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (५) को 'घ' अनुसार (१) गाउँपालिका वा नगरपालिकाले लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी, नियमन, विकास, प्रवर्धन, व्यवस्थापन गर्ने र उद्यमशीलताको विकास र प्रवर्धन गर्ने व्यवस्था गरेको छ।

संघीय औद्योगिक ऐनले घरजग्गा बाहेक बढीमा २० लाख रुपैयाँसम्म स्थिर पूँजी रहेकोलाई लघु उद्योग र १५ करोड रुपैयाँसम्म स्थिर पूँजी भएको उद्योगलाई साना उद्योगका रूपमा परिभाषित गरेको छ। तर, बागमती प्रदेशको आर्थिक ऐन, २०८० ले घरजग्गा बाहेक पाँच लाख रुपैयाँसम्मको स्थिर पूँजी भएको लघु उद्योगहरू स्थानीय तहमा दर्ता गर्न सक्ने व्यवस्था गरेको छ। यसरी, लघु, घरेलु तथा साना उद्योगको दर्ता, नवीकरण, खारेजी, नियमन गर्ने अधिकारमा पनि संकुचन भएको छ।

वित्तीय संघीयतालाई साँच्चै नै संस्थागत गर्ने हो भने तीनै तहका सरकारहरूको खर्च जिम्मेवारी (खर्चको आवश्यकता) स्पष्ट गर्नु आवश्यक देखिन्छ। साथै, प्रदेश र स्थानीय तहको राजस्व क्षमताको सम्भाव्यता अध्ययनगरी खर्च जिम्मेवारी पूरा गर्न सक्ने गरी प्रदेश र स्थानीय तहलाई संघीय सरकारले अनुदान दिने व्यवस्था र अभ्यास सुनिश्चित गर्न आवश्यक छ। यो आजसम्म पनि हुनसकेको छैन। यसका लागि नेपाल सरकार अर्थ मन्त्रालय र संविधानतः अधिकार सम्पन्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग बढी जिम्मेवार हुन सक्नुपर्छ। यसैगरी, नेपाल सरकारको कार्यविस्तृतीकरण प्रतिवेदन परिमार्जन गर्ने उद्देश्यले प्रधानमन्त्रीको अध्यक्षतामा गठन भएको कार्यविस्तृतीकरण पुनरावलोकन सुझाव संकलन सम्बन्धी उच्चस्तरीय समितिले यस विषयमा गम्भीरताका साथ ध्यान पुऱ्याउन आवश्यक छ। किनकि, वित्तीय संघीयताको पूर्णरूपमा कार्यान्वयन गर्न तीन तहका सरकारहरूको वित्तीय अधिकारका बारेमा स्पष्टता हुन अति आवश्यक छ।

जाडोको समयमा चिसो बाट बचौं ।
- जाडो बाट बच्न तातो, पोषिलो तथा झोलिलो खाने कुरा खाऔं ।
- न्यानो कपडा लगाऔं ।
- घर तथा कोठा न्यानो बनाऔं ।
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं ।
- बालबालिकालाई तेल मालिस गरिदिऔं ।
- बढी चिसोमा मर्निङ्ग वाक नगरौं ।
- चिसोमा बाहिर हिड्दा बाक्लो कपडा लगाऔं ।
- दैनिक घाम ताप्ने गरौं ।
करैयामाई गाउँपालिकाको
कार्यालय ,करैया ,बारा

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
Shubham Sandesh शुभम सन्देश
National DAILY दैनिक
जि.प्र.का.दर्ता ७८/२०७५/७६

# प्रदेश सरकारद्वारा मुक्त हरवाचरवा पहिचान प्रक्रिया सुरु

जनकपुरधाम, २० पुस : मधेस प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री गोबिन्दबहादुर न्यौपानेले सङ्घीय सरकारद्वारा मुक्तिको घोषणा गरिएका मधेस प्रदेशका मुक्त हरवाचरवाको यकिन तथ्याङ्क र अवस्था पहिचानका लागि प्रक्रिया सुरु गरेको जानकारी दिनुभएको छ। जिल्ला हरवाचरवा अधिकार मञ्च महोत्तरीको दोस्रो सम्मेलनको शुक्रबार जलेश्वरमा उद्घाटन गर्नुहुँदै मन्त्री न्यौपानेले मधेस प्रदेशका आठ जिल्लामा मात्रै बढी अस्तित्वमा रहेका हरवाचरवाहरूको न्यायिक पुनःस्थापनाको नेतृत्व प्रदेश सरकारले गर्ने र त्यसका लागि अवस्था पहिचानका लागि आवश्यक प्रक्रिया सुरु गरिएको जानकारी दिनुभएको हो। पश्चिम नेपालमा बढी रहेका हलिया, कमलरी, कमैयाहरूलाई मुक्तिको घोषणा गरी सङ्घीय सरकारले नै पुनःस्थापनाको काम अन्तिम चरणमा पुर्याए पनि मधेस केन्द्रित हरवाचरवा समस्या समाधानमा पहल नभएको जनगुनासो बढेकाले अब प्रदेश सरकारको अगुवाइमा तीनवटै तहका सरकार मिलेर काम अगाडि बढाउनुपर्ने निष्कर्षसहित आफूहरू पुगेको उहाँको भनाइ थियो।

कार्यक्रममा उच्चस्तरीय भूमि आयोगका पूर्वसदस्य एवं राष्ट्रिय दलित नेटवर्क (आरडिएन)का अध्यक्ष गणेश विश्वकर्माले मुक्तिको घोषणा गरेको डेढ वर्ष बित्दा पनि हरवाचरवाको सङ्ख्या र अवस्था पहिचान हुन नसकेकामा आपत्ति नजाउँदै अब मधेस प्रदेश सरकारले नै व्यवस्थापनलगायतका कामको नेतृत्व गर्नुपर्ने बताउनुभयो।

विगतमा सङ्घीय सरकारले १८ वटा भूमि आयोग बनाएर लाखौं नागरिकलाई जग्गा वितरण गर्दा पनि मधेस केन्द्रित हरवाचरवा समस्यालाई नजरअन्दाज गरिएको भन्दै विश्वकर्माले फेरि पनि त्यही प्रवृत्ति दोहोरिनेतर्फ सचेत रहन सबैलाई आग्रह गर्नुभयो। कार्यक्रममा महोत्तरीका प्रमुख जिल्ला अधिकारी शिवराम गेलाल, भूमि आयोगका अध्यक्ष ज्ञानबहादुर घले र जलेश्वर नगरपालिका प्रमुख सुरेश साह सोनारले भूमिहीन, सुकुम्बासी र अव्यवस्थित रूपमा बसोबास गरिरहेकाहरूलाई एकपटकका लागि जग्गा वितरण गर्ने सरकारको नीतिअनुसार जिल्लामा रहेका मुक्त हरवाचरवालाई पनि समेट्न सकिने बताउनुभयो। सम्मेलन मुक्त हरवाचरवा सावित्रीदेवी सदाको नेतृत्वमा १५ सदस्यीय नयाँ जिल्ला समिति चयन गर्दै आजै सम्पन्न भएको छ। समितिको उपाध्यक्षमा बलेश्वर मरर, सचिवमा जोगिन्द्र सदा, सहसचिव रामसखी मण्डल, कोषाध्यक्षमा रीतादेवी पासवान चयन हुनुभएको छ भने बाँकी सदस्य रहनुभएको छ।

# सर्लाहीको बरहथवामा युवकको मृत्यु, भोलि बिहानसम्म निषेधाज्ञा

मलङ्गवा, २० पुस : बरहथवास्थित प्राथमिक स्वास्थ्य केन्द्रलाई लिएर राजनीतिक दलबीच भएको विवाद विरोधप्रदर्शनमा परिणत हुँदा बरहथवा-६ का ३० वर्षीय जयशङ्कर साहको मृत्यु भएको छ।

प्रदर्शनकारीले बरहथवा नगरपालिका प्रमुख कल्पना कटुवालको निवास तथा नगरपालिकामा ढुङ्गामुढा गर्न थालेपछि स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले हवाई फायर र अश्रुग्यास प्रहार गरेको थियो।

जिल्लामा शान्तिसुव्यवस्थाको स्थिति बिग्रदै गएपछि स्थानीय प्रशासनले बरहथवामा निषेधाज्ञा जारी गरेको छ। शुक्रबार अपराह्न ५:३० बजेदेखि लागु गरिएको निषेधाज्ञा शनिबार बिहान ८:०० बजेसम्म जारी हुने जिल्ला प्रशासन कार्यालयले एक सूचना जारी गरेर जनाएको छ। बरहथवा नगरपालिका-६ स्थित प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नतिका लागि मधेश प्रदेश सरकारलाई हस्तान्तरण गर्ने नगर कार्यपालिकाको निर्णय कार्यान्वयन गर्न माग गर्दै नेपाली कांग्रेस, जनता समाजवादी पार्टी नेपाल, बहुजन र जनमत पार्टीले प्रदर्शन गर्दा स्थिति तनावपूर्ण बनेको हो। बरहथवा नगरपालिकाको नगर कार्यपालिकाको बैठकले केही समयअघि प्राथमिक स्वास्थ्य केन्द्र बरहथवालाई स्तरोन्नति गरी ५० बेडको अस्पतालमा रूपान्तरण गर्न प्रदेश सरकारलाई हस्तान्तरण गर्ने निर्णय गरेको थियो।

अहिले सोही निर्णयबाट नगरप्रमुख कटुवालसहित बहुमत सदस्य पछि हटेका कारण नेपाली कांग्रेसलगायत दलका जनप्रतिनिधि निर्णय कार्यान्वयन हुनुपर्ने अडान नछाडेपछि आन्दोलन चर्किएको हो।

जाडोको समयमा चिसो बाट बचौं।

- जाडो बाट बच्न तातो, पोषिलो तथा झोलिलो खाने कुरा खाऔं।
- न्यानो कपडा लगाऔं।
- घर तथा कोठा न्यानो बनाऔं।
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं।
- बालबालिकालाई तेल मालिस गरिदिऔं।
- बढी चिसोमा मर्निङ्ग वाक नगरौं।
- चिसोमा बाहिर हिड्दा बाक्लो कपडा लगाऔं।
- दैनिक घाम ताप्ने गरौं।

परवानीपुर गाउँपालिकाको
कार्यालय ,लिपनीमाल ,बारा

# खेल खबर

## जीतपुरसिमरामा माघ पहिलो सातादेखि राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता हुने



सिमरा: जीतपुरसिमरा उपमहानगरपालिकामा माघ पहिलो सातादेखि राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता हुने भएको छ। उपमहानगरपालिका भित्रका विद्यालयमा अध्ययनरत विद्यार्थी लक्षित उक्त प्रतियोगिता माघ ७ गतेदेखि हुने भएको छ।उपमहानगरपालिकाको कार्यालयमा शुक्रबार बसेको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको बैठकले साताव्यापीरुपमा प्रतियोगिता आयोजना गर्ने र नगर भित्रका सबै विद्यालयलाई सहभागी गराउने गरी प्रोत्साहन गर्ने निर्णय समेत गरेको छ।

माघ १३ गतेसम्म आयोजना हुने प्रतियोगिताको व्यवस्थापन जीतपुरसिमरा १४ स्थित जनता माध्यमिक विद्यालयले गर्नेछ। जनता माध्यमिक विद्यालय तेस्रो पटक आयोजना गर्न लागिएको उक्त प्रतियोगिताको आयोजक विद्यालय रहेको छ।राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन निर्देशिका बमोजिम आयोजना गरिने प्रतियोगितामा विभिन्न सात खेलमा प्रतिस्पर्धा हुनेछ। प्रतियोगितामा कबड्डी, भलिबल, एथलेटिक्स, तेक्वान्दो, कराँते, महिला फूटबल र पुरुष क्रिकेट हुने सचिवालय विद्यालयका प्रध्यानाध्यापक राजु अधिकारीले जानकारी दिए।प्रतियोगितामा नगर क्षेत्रभित्रका विद्यालयलाई सहभागी गराउन निर्देशिकाले व्यवस्था गरे वमोजिम आइतबार सूचना प्रकाशन गरिने जनता माध्यमिक विद्यालयका प्रध्यानाध्यापक राजु अधिकारीले जानकारी दिए। प्रअ अधिकारीका अनुसार सूचना प्रकाशित भएको १५ दिनभित्र विद्यालयले सहभागिता जनाउन सक्नेछन्।प्रतियोगिता तयारीका लागि प्रत्येक खेलमा तीन सदस्यीय प्राविधिक टोली बनाइएको छ। उक्त प्राविधिक टोलीले खेल आयोजना गर्नका लागि सहजीकरण गर्नेछन्।

प्रतियोगिता संचालन गर्न उपमहानगरपालिकाले १० लाख बजेट विनियोजन गरेको छ। नगर प्रमुख राजन पौडेलको अध्यक्षतामा सम्पन्न बैठकमा जीतपुर सिमरा १४ की वडाध्यक्ष चयन गुरुङ, शिक्षा तथा खेलकुद महाशाखाका कर्मचारी खुदप्रसाद गौतम, खेलकुद विकास समिति बाराका प्रतिनिधि सुनिल साह, संस्थागत विद्यालयका रामप्रसाद अधिकारी, नेत्रप्रसाद दहाल, मालती कुमाल, सामुदायिक विद्यालयका फिरोज अंसारी, विष्णु सुवेदी, नव जनजागृति युवा क्लबका महासचिव शम्भुसिंह ठकुरी, तेक्वान्दो प्रशिक्षक बिजय शाह, कराँते प्रशिक्षक सानु पटेल, क्रिकेट प्रशिक्षक सेराजुल अंसारी, भलिबल प्रशिक्षक प्रमोद चौधरी, एथलेटिक्स प्रशिक्षक लक्ष्मण श्रेष्ठलगायतको उपस्थिती रहेको थियो।

## टी-२० विश्वकपमा नेपाल समूह डीमा, पहिलो खेल नेदरल्याण्ड्ससँग

२० पुस, काठमाडौं।

टी-२० विश्वकपमा नेपाल दक्षिण अफ्रिका, बंगलादेश, श्रीलंका र नेदरल्याण्ड्स रहेको समूह डीमा परेको छ।आज शुक्रबार सार्वजनिक भएको खेल तालिका अनुसार आईसीसी टी-२० विश्वकप क्रिकेटमा नेपालको पहिलो खेल नेदरल्याण्ड्ससँग जुन ४ मा अमेरिकाको डल्लासमा खेल्ने छ। र ओमान छन्। समूह सीमा न्यूजिल्याण्ड, घरेलु टोली वेष्ट इण्डिज, अफगानिस्तान, युगान्डा र पपुवा न्युगिनी छन्। हरेक समूहमा रहेका देशले ४-४ खेल खेल्ने छन् र समूहका शीर्ष दुई टिम सुपर एटमा पुग्नेछन्। जहाँ ८ टोलीलाई दुई समूहमा विभाजन गरिनेछ।

दुवै समूहको शीर्ष दुई -दुई टोलीले सेमिफाइनल खेल्ने छन्।यसअघि जुन ४ देखि ३० सम्म हुने भनिएकोमा




नेपालले दोस्रो खेल जुन ११ मा श्रीलंकासँग अमेरिकाको फ्लोरिडामा तथा तेस्रो खेल जुन १४ मा दक्षिण अफ्रिकासँग सेन्ट भिन्सेन्टमा र जुन १६ मा बंगलादेशसँग पनि सेन्ट भिन्सेन्टमै खेल्नेछ।भारत र पाकिस्तान भने एउटै समूहमा परेका छन्। उनीहरु रहेको समूह एमा आयरल्याण्ड क्यानडा र अमेरिका छन्।समूह बीमा इंग्ल्याण्ड, अस्ट्रेलिया, नामिबिया, स्कटल्याण्ड आईसीसीले मिति हेरफेर गरेको छ। अब टी-२० विश्वकप जुन १ देखि २९ सम्म हुनेछ। पहिलो खेल अमेरिका र क्यानडाबीच जुन १ मा डल्लासमा हुनेछ। गत कात्तिकमा काठमाडौंमा भएको टी-२० विश्वकप एसिया छनोटको सेमिफाइनलमा यूएईलाई ८ विकेटले सहजै पराजित गर्दै नेपालले १० वर्षपछि टी-२० विश्वकपमा स्थान पक्का गरेको थियो।